annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १५९ पृष्ठ ८ | काठमाडौं, आइतबार २० असोज २०८१ | आश्विन शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४४ | SUNDAY, OCTOBER 6, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी


# कृषि वैज्ञानिकजति विदेश पलायन, अनुसन्धान गर्ने निकाय रित्तै

मुलुकको ६० प्रतिशत जनसंख्या कृषिमा निर्भर छ। यति ठूलो जनसंख्याका लागि आधुनिक कृषि र पशुपन्छी पालनका लागि सरकारले अनुसन्धानमा जोड दिनुपर्ने हो। तर, कृषिको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्ने नेपाल कृषि अनुसन्धानपरिषद् (नार्क) मा दुईतिहाइ बढी वैज्ञानिक/प्राविधिक रिक्त छन्। कृषि र पशुपन्छी क्षेत्रमा अध्ययन/अनुसन्धानको काम ठप्प प्रायः छ। कृषि मन्त्रालय अनुदान बाँड्ने निकाय जस्तो मात्र भइदिँदा अनुसन्धानको पाटो पूरै छायामा परेको वैज्ञानिकहरू बताउँछन्।

समाचार पृष्ठ २

हरिबहादुर लम्जेल | *धनकुटा*

– को रिपोर्ट




नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)

| क्र.सं. | पद/तह | दरबन्दी | कार्यरत | रिक्त |
|---|---|---|---|---|
| १ | वैज्ञानिक | ४१३ | २१० | २०३ |
| २ | प्राविधिक अधिकृत | ३४७ | १८० | १६७ |
| ३ | प्राविधिक सहायक | ६६८ | ४३४ | २३४ |
| ४ | लेखा | ८३ | ५७ | २६ |
| ५ | प्रशासन | ३१२ | १९८ | ११४ |
| | जम्मा | १८२३ | १०७९ | ७४४ |

## इरानको तेल साइटमा आक्रमण नगर्न इजरायललाई बाइडेनको चेतावनी

**एजेन्सी** (वासिङ्टन) : अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार इजरायललाई इरानको तेल साइटहरूमा आक्रमण नगर्न सल्लाह दिँदै मध्यपूर्वमा सम्भावित युद्धबाट बच्न विश्वलाई एकीकृत गर्न खोजिरहेको बताएका छन्।

ह्वाइट हाउसमा पूर्वजानकारी बिना अकस्मात आयोजित ब्रिफिङमा बाइडेनले इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले अर्को



कदमबारे निर्णय गर्दा इजरायलका लागि अमेरिकी समर्थनलाई स्मरण गर्नुपर्ने बताए। 'यदि म इजरायलको ठाउँमा हुन्थे भने म तेल साइटमा आक्रमण गर्नेबाहेक अन्य विकल्पको बारेमा सोच्ने थिए', बाइडेनले सञ्चारकर्मीलाई बताए।

'इजरायलमा मंगलबार इरानले गरेको विशाल ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमणको बदलामा इजरायलीहरू के गर्ने, कसरी गर्ने भन्ने निष्कर्षमा पुगेका छैनन्,' उनले भने।

» बाँकी पृष्ठ ६

## घर-घर धाएर विद्यार्थी बटुल्छन् शिक्षक

**अनिल ढकाल** | *चितवन*

भरतपुर-२९ को रातामाटे आधारभूत विद्यालयमा विद्यार्थी यसरी घटे कि, गत वर्ष त ८ जना मात्रै बाँकी रहे। विद्यालयको अस्तित्व नै नरहने अवस्थामा पुग्यो। विद्यार्थी नै नरहेपछि विद्यालय अन्तै गाभ्ने तयारी भयो। त्यसको प्रमुख कारण थियो, 'विद्यालयको गुणस्तर खस्किँदै जानु।' त्यसैकारण अभिभावकले नजिकैको बजारमा 'डेरा भाडा' मा लिएर छोराछोरी अन्तै पढाउन थाले।

तर, महेन्द्रनगरका बलराम जोशी रातमाटे विद्यालयमा आएपछि विद्यालयका दिन फेरिन थालेका छन्। विद्यार्थी संख्या बढ्दै गएको छ। हाल २७ जना विद्यार्थी अध्ययनरत छन्। जोशी आएपछि उनले पढाइको गुणस्तरमा जोड दिए। गाउँमै 'राम्रो पढाइ हुन थालेको' विश्वास अभिभावकलाई दिलाए। अनि, विद्यार्थी खोज्दै अभिभावकको घर-घर धाउन थाले।

कार्यालय समय सकिएपछि शिक्षक जोशी चुप बस्दैनन्। अभिभावकको घर पुग्छन्। विद्यालय उमेर समूहका बालबालिकाका अभिभावकलाई भेटेर हात जोड्छन्। गाउँकै विद्यालयमा छोराछोरी पढाइदिन आग्रह गर्छन्। विद्यालयमा पढाइको अवस्था सुधार गरेरै छाड्ने उनको प्रतिबद्धतापछि अभिभावकले रातमाटेमै छोराछोरी पढाउन थालेका छन्।



**रातामाटे आधारभूत विद्यालयका शिक्षक बलराम जोशी अभिभावकसँग हात जोडेर विद्यार्थी पठाइदिन आग्रह गर्दै।** ● अनिल ढकाल

आठ वर्षअघि उक्त विद्यालयमा ५० जना विद्यार्थी थिए। गत वर्ष आठ जना मात्रै रहे। शिक्षकले राम्रो नपढाएको भन्दै अभिभावकले विद्यार्थी झिक्न थाले। तर, ६ महिनाअघि मात्रै उक्त विद्यालयमा जोशीले पढाउन थालेपछि बन्द हुन लागेको विद्यालय जोगिएको छ।

'हामीले धेरै मिहेनत गर्‍यौं। यहाँ पनि राम्रो पढाइ हुन्छ भन्ने विश्वास दिलायौं, शिक्षक जोशीले भने, 'पहिला शिक्षकले ठग्छन् भन्थे। हामी आएपछि शिक्षकले राम्रो पढाउँछन् भन्ने विश्वास अभिभावकले गर्न थाल्नुभएको छ। विस्तारै विद्यार्थी बढिरहेका छन्।'

कञ्चनपुरका बासिन्दा जोशी यसअघि चेपाङको बाहुल्यता रहेको राप्ती नगरपालिका-१२ को यौरालीटारमा पढाउँने गर्थे।

» बाँकी पृष्ठ ६